9th NRN Global Conference &
NRNA International General Assembly
म, मेरो एन आर एन ए र मेरो नेपाल

9TH NRN GLOBAL CONFERENCE
&
NRNA INTERNATIONAL GENERAL ASSEMBLY
15-17 OCT, 2019
KATHMANDU, NEPAL

मंगलबार, २८ असोज २०७६ Tuesday, 15 October 2019 Newsletter

## यसभित्र...

'विपद् र विकासमा एनआरएनए साझेदार बनेको छ'



'अबको नेतृत्वले आफ्नो उद्देश्यलाई जोगाउनुपर्छ'

'लगानी भित्र्याउन सरकार सकारात्मक छ'



'पसिना फन्ड' स्थापना गर्ने योजना छ

'एनआरएनको लगानी नेपालप्रतिको लगाव हो'



'एनआरएनएलाई सशक्त बनाउन सेभेन पिलर स्ट्राटेजी'

## आजका कार्यक्रम

### उद्घाटन समारोह
(९ देखि ११ बजेसम्म)

**सत्र :**

- नेपालको आर्थिक रुपान्तरणका लागि स्रोतको परिचालन (११:३० देखि १:३० बजेसम्म)
- एनआरएनएको कानुनी अधिकार र उत्तरदायित्व (२:३० देखि ४:३० बजेसम्म)
- अन्तर्राष्ट्रिय महासभा (४:३० देखि ६:३० बजेसम्म)

# गैरआवासीय नेपालीको नवौं विश्व सम्मेलन आजदेखि काठमाडौंमा

काठमाडौं। गैरआवासीय नेपाली संघ (एनआरएनए) को नवौं विश्व सम्मेलन तथा अन्तर्राष्ट्रिय महाधिवेशन काठमाडौंमा सुरु हुँदै छ। 'म, मेरो एनआरएनए र मेरो नेपाल' नाराका साथ नवौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन आज मंगलबारदेखि सुरु हुन लागेको हो। ८१ मुलुकका गैरआवासीय नेपाली प्रतिनिधि, स्वदेशी-विदेशी सहभागी गरी २ हजार ५ सय जनाको सहभागिता रहने सम्मेलन ३० असोजसम्म चल्नेछ।



नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघको समेत संलग्नतामा हुन लागेको सम्मेलनको शुभारम्भ राष्ट्रपति विद्यादेवी भण्डारीले आज मंगलबार गर्ने कार्यक्रम छ। समापन भने प्रधानमन्त्री केपी ओलीबाट हुने कार्यक्रम रहेको एनआरएनका अध्यक्ष भवन भट्टले जानकारी दिनुभयो। सम्मेलनले संघको नयाँ नेतृत्वसमेत चयन गर्नेछ। सम्मेलन आयोजनाका लागि परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको अध्यक्षतामा सरकारका प्रतिनिधि र सरोकारवाला संघ-संस्थाका अध्यक्ष रहेको एक उच्चस्तरीय आयोजक समिति गठन गरिएको छ। यसैगरी भट्टको अध्यक्षतामा संघको आन्तरिक आयोजक समिति गठन गरिएको छ। सम्मेलनको क्रममा 'म, मेरो एनआरएनए र मेरो नेपाल' मा आधारित भएर मंगलबार र बिहीबार विभिन्न विषयमा महत्वपूर्ण सत्र चल्नेछन् भने बुधबार नयाँ नेतृत्वका लागि निर्वाचन हुने कार्यक्रम छ। सम्मेलनबारे जानकारी दिन सोमबार आयोजना गरिएको पत्रकार सम्मेलनमा विदेशमा छरिएर रहेका गैरआवासीय नेपालीलाई संघको सञ्जालमा गोलबन्द गर्दै नेपालीका लागि नेपाली अभियान अघि बढाउन संस्थागत रूपमा सहयोग गरिरहेकामा यसलाई निरन्तरता दिँदै जाने घोषणासमेत गरिएको थियो।

समृद्धिको यात्रा सुरु गरेको यस ऐतिहासिक समयमा हुन गइरहेको गैरआवासीय नेपाली विश्व सम्मेलनलाई विशेष महत्वका रूपमा लिएको संघका अध्यक्ष भट्टले बताउनुभयो। 'सबै राजनीतिक दलहरू, सरकारी र गैरसरकारी संघसंस्थासहित सिंगो देश नै समृद्धिको नवीन यात्रामा जुटेको अवसरमा हामीले पनि सहकार्य गर्ने मौका पाएका छौं', जसले हामीलाई मातृभूमिप्रति थप अपनत्व र जिम्मेवारीबोध गराएको छ,' उहाँले भन्नुभयो। संसारभर छरिएर रहेका सबै नेपाली एक सूत्रमा समाहित भई 'सबै हात एकै साथ' मूल भावका साथ नेपालको समृद्धिको यात्रामा जोडिँदै आएको समेत उहाँको भनाइ थियो। अध्यक्ष भट्टका अनुसार, सम्मेलनले नेपालको समृद्धिको यात्रामा दिशानिर्देश हुने एजेन्डामा बृहत् छलफल गरी महत्वपूर्ण निष्कर्ष निकाल्नेछ। पत्रकार सम्मेलनमा बालुवाटार जग्गा खरिद प्रकरणबारे सोधिएको प्रश्नमा संघले १२ करोड ७० लाख रुपैयाँमा लालपुर्जासहित खरिद गरेको र सोमध्ये सरकारले ५० लाख रुपैयाँ कर मिनाहासमेत गरिसकेको जानकारी दिइयो। कानुनी रूपमै उक्त जग्गा खरिद गरेको भए पनि गैरकानुनी तबरबाट खरिद गरेको भन्नु गलत भएको संघले जनाएको छ।

एनआरएनए सन् २००३ देखि २०१९ सम्ममा संघ ८० भन्दा बढी मुलुकमा राष्ट्रिय समन्वय परिषद् गठन गरेर सो अभियानमा सक्रिय रहँदै आएको छ। पत्रकार सम्मेलनमा लामो राजनीतिक, सामाजिक संक्रमणको अन्त्यपछि मुलुकले नयाँ संविधान मात्रै पाएको छैन, काँचुली नै फेरेको संघले बताएको छ।

# लगानी भित्र्याउन र नेपालको छवि विश्वभर पुऱ्याउन आह्वान गर्छु

**गैरआवासीय नेपालीको भूमिकालाई कसरी विश्लेषण गर्नुहुन्छ?**

संसारभर छरिएका नेपाली या नेपाली डायस्पोरा नेपालका निम्ति अवसर हुन्। उहाँहरूको विदेश बसाइले अवसर उपलब्ध गराएको छ। संसारको आधुनिक प्रविधिसँग जोडिने, आधुनिक शिक्षा हासिल गर्ने, उत्कृष्ट कम्पनीमा काम गर्ने, त्यसमार्फत साधन-स्रोत आर्जनको ज्ञान हासिल गर्ने र प्रविधिमा दखलता हासिल गर्ने अवसर प्राप्त भएको छ। त्यसलाई नेपाल सरकारले राज्यको समेत सम्पदाको रूपमा हेर्छ। नेपाली डायस्पोरालाई नेपालको विकासको साझेदारका रूपमा अगाडि लैजान्छ। यसका निम्ति हामीले हाम्रा नीतिलाई पनि महत्वका साथ उठाएका छौं। व्यावहारिक रूपमा पनि गैरआवासीय नेपालीले आर्जन गरेका स्रोत, ज्ञान, प्रविधि र सीपलाई नेपालको विकासमा लगाउने उपयुक्त ढाँचाको विकास गरिरहेका छौं।

**उपर्युक्त ढाँचाको विकास गरिरहेको बताउनुभयो, यसका लागि आवश्यक लगानी भित्र्याउन कस्तो खालको वातावरण निर्माण गरेको छ त ?**

नेपालमा लामो समय राजनीतिक अस्थिरता रह्यो। सोही कारण विदेशी लगानीकर्तालाई जस्तै गैरआवासीय लगानीकर्ताको पनि नेपालप्रति विश्वास नबनेको अवस्था थियो। लगानी सुरक्षित हुन्छ कि हुँदैन, यहाँबाट आर्जन गरेको मुनाफा फिर्ता लैजाने सुनिश्चितता हुन्छ कि हुँदैन, खर्चको सदुपयोग हुन्छ वा हुँदैन भन्ने उहाँहरूको जायज चिन्ता थियो। राजनीतिक स्थायित्वसँगै हामीले लगानीको क्षेत्रमा जुन महत्वपूर्ण कानुनी सुधार गरेका छौं। यसले उहाँहरूको त्यो चिन्तालाई हटाउने काम गरेको छ। हामीले लगानीका क्षेत्र पनि पहिचान गरेका छौं। हामीले उहाँहरूलाई भनेका पनि छौं, नेपालीमा लगानी गर्नु भनेको ठूलो मुनाफा आर्जन गर्नु पनि हो। नेपालमा लगानी गर्ने कसैले पनि घाटा बेहोर्नुपर्ने छैन। कतिपय कम्पनीले त ठूलो मुनाफा आर्जन गरेका छन्। हाम्रो मुख्य जोड लगानीका लागि विश्वासको वातावरण निर्माण गर्ने हो। त्यसका लागि सरकारको प्रयास निरन्तर छ।

**नेपालको कुन-कुन क्षेत्रमा गैरआवासीयको लगानी भित्र्याउँदा उपयुक्त हुन्छ जस्तो लाग्छ ?**



प्रदीप ज्ञवाली, परराष्ट्रमन्त्री

> "सक्नुहुन्छ भने स्वदेश फर्किनुस्। हरेक देशले फड्को मार्ने एउटा अवसर प्राप्त गर्छ। अहिले नेपाललाई त्यो अवसर प्राप्त भएको छ। यो अवसरमा जसले सघाउँछ, त्यो ठूलो योगदान हो, राष्ट्रका लागि। त्यसरी आउनेलाई हामी रातो कार्पेट बिछ्याएर स्वागत गर्छौं।

हामीले विकासका पाँच प्राथमिकता निर्धारण गरेका छौं। कृषिको आधुनिकीकरण, ऊर्जा, जलस्रोतको बहुआयामिक विकास, पर्यटन प्रवर्द्धन, पूर्वाधार निर्माण र जनशक्ति विकास हाम्रा प्राथमिकता क्षेत्र हुन्। यी जुनसुकै क्षेत्रमा पनि तपाईंले लगानी गर्दा मुनाफाको पर्याप्त वातावरण छ। नेपालमा भौगोलिक विविधता रहेको हुँदा जुनसुकै वस्तु पनि उत्पादन गर्न सक्ने अवसर छ। खासगरी अर्गानिक खेती, जडीबुटी, निर्यातजन्य वस्तु प्रसिद्ध छन्। विश्व बजारमा कृषिको आधुनिकीकरणका लागि फुड प्रोसेस उद्योगमा लगानीको पर्याप्त सम्भावना छ। यसमा गैरआवासीयका निम्ति थप सुविधा के छ भने केही क्षेत्र मात्र विदेशी लगानीका लागि खुला गरेका छैनौं। तर, गैरआवासीयले नेपालीसरह लगानी गर्न सक्नेछन्।

(बाँकी पृष्ठ २ मा)

# छैटौं इनास अवार्ड–२०१९ सम्पन्न

काठमाडौं। अन्तर्राष्ट्रिय कलाकार समाज (इनास) को छैटौं इनास अवार्ड-२०१९ सम्पन्न भएको छ। इनासले वरिष्ठ संगीतकार रन्जित गजमेरलाई लाइफ टाइम अचिभमेन्ट अवार्डद्वारा सम्मान गरेको छ।

विश्वभर छरिएर रहेका कलाकारलाई एकताबद्ध गराई नेपाली कला-संस्कृतिलाई संरक्षण गरी नेपाली चलचित्रको विकासका निम्ति इनासले वार्षिक रूपमा अवार्ड वितरण गर्दै आएको छ।

इनासले चलचित्र क्षेत्रमा संगीतको क्षेत्रबाट लामो समयदेखि महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै वरिष्ठ संगीतकार गजमेरलाई लाइफ टाइम अचिभमेन्ट अवार्ड



दिइएको अध्यक्ष कमला दाहालले बताउनुभयो।

०७५ मा प्रदर्शनमा आएका ७६ वटा फिल्मबाट सर्वोत्कृष्ट पुरुष कलाकार नायकमा प्रसाद फिल्मबाट विपिन कार्की र उत्कृष्ट महिला कलाकार नायिका स्वष्तिमा खड्का फिल्म बुलबुलबाट अवार्ड हात पार्न सफल भएका छन्।

यो वर्षको बेस्ट स्क्रिप्ट राइटर अफ द इअरबाट प्रसाद फिल्मका सुशील पौडेल, बेस्ट सिनेमाग्राफर अफ द इअर (छायाकार) पुरुषोत्तम प्रधान छक्का पन्जा- ३, बेस्ट इडिटर अफ द इअर अवार्ड निमेष श्रेष्ठ, साइँली फिल्म, बेस्ट कोरियोग्राफर अफ दी इअर कविराज गहतराज, भैरे फिल्म बेस्ट म्युजिक डाइरेक्टर, दीपक शर्मा छक्का पन्जा-३ रहेका छन्।

यस्तै यो वर्षको बेस्ट सिंगर अफ द इअर रोज फिल्मको गीत फूल हैन, काँडाबाट गायक प्रताप दास र गायिका प्रविशा अधिकारीले आफ्नो पोल्टामा पार्न सफल भए। इनासको शाखा ७२ देशमा छ।

## समृद्धिका लागि एनआरएनले लगानी बढाउनुपर्छ



### प्रमिला बस्नेत

नेपालको विकासका लागि एनआरएनको महत्वपूर्ण भूमिका छ। यसकारण मुलुकको आर्थिक समृद्धिका लागि एनआरएनले भूमिका खेल्नुपर्छ। वैदेशिक रोजगारीमा जाने नेपाली कामदारले समस्या भोग्नुपरेको छ। समस्या समाधानका लागि एनआरएनले पहल गर्नुपर्छ। खाडी देशहरूमा कार्यरत घरेलु कामदार नेपाली महिला दिदीबहिनीका गुनासा र समस्याको तत्काल समाधान हुनुपर्छ। खाडीमा हजारौं महिला दिदीबहिनी घरेलु कामदारको रूपमा कार्यरत हुनुहुन्छ। उहाँहरूले पठाएको रेमिट्यान्सले देशलाई आर्थिक टेवा पुगेको छ। खाडीमा घरेलु हिंसाबाट प्रताडित हुनुपर्ने स्थिति धेरै छ, समस्या समाधानको लागि हामी लाग्नुपर्छ।



### हेमराज शर्मा

यस सम्मेलनका दुइटा पक्ष छन्। एउटा, विश्व सम्मेलन हो, जसमा बाहिर हुने नेपालीले मातृभूमिमा कसरी सहयोग गर्न सक्छन् भन्ने विषयमा सरकारी प्रतिनिधि, एनआरएनए प्रतिनिधि र निजी क्षेत्र बाहिर बस्ने लगानीकर्ता, ज्ञान, सीप सिकेकासँग छलफल गरिनेछ। अहिले आउँदै गरेको भिजिट-२०२०, लगानी भित्र्याउने विषयमा छलफल गरिनेछ। अर्को पक्ष भनेको राष्ट्रिय महाधिवेशन हुन्छ।

लगानी भित्र्याउने वातावरण पनि सरकारले बनाइसकेको छ। पहिलो पुस्ताका गैरआवासीय नेपाली बाहिर रहेका छन्। छरिएर रहेको पुँजीलाई संकलन गरेर त्यसको नेतृत्व सरकार वा एनआरएनएले लिन जरुरी छ।



### मन केसी

एनआरएनए नेटवर्किङ संस्था हो। संस्थाले आफैं लगानी गर्ने होइन। विभिन्न देशमा बस्ने गैरआवासीय नेपालीलाई नेपालमा ल्याइदियो, एकअर्कामा परिचय गराइदियो, नेपालसँगको सम्बन्धलाई ताजा बनाइदियो। त्यसबाट जन्मिने साना-मसिना भेन्चरबाट लगानी भित्रिने हो।

यसलाई सम्मेलनमा प्रस्तुत गरिनेछ। यस माध्यमबाट विदेशमा बसेका नेपालीले नेपालमा लगानी गर्छन्।

यसका लागि उपयुक्त वातावरण निर्माण भने आवश्यक छ। सरकारले यसको लागि पहल गर्नु आवश्यक देखिएको छ।



### नवराज रोस्यारा

यस सम्मेलनमा उठ्ने मुख्य एजेन्डाका रूपमा नेटवर्किङ हो। विदेशिएका नेपालीको एउटै भावना रहेको छ। हामी विदेशिए पनि दोस्रो पिँढी विदेशिन नपरोस्। विदेशिएपछि हामीले प्राप्त गरेको ज्ञान, सीप र क्षमता नेपालमा कसरी उपयोग गर्ने भनेर एउटा नेटवर्क चाहिन्छ। त्यसका लागि आधुनिक प्रविधि प्रयोग गर्नुपर्छ। त्यस किसिमको प्रविधि व्यवस्थापन सम्मेलनले एजेन्डाका रूपमा राख्नुपर्छ। यस्तै, नेपालमा कसरी लगानी भित्र्याउने भनेर कुरा उठाएका छौं। सबैले एकैपटक नेपालमा लगानी भित्र्याउन सक्ने अवस्था पनि छैन। स-साना लगानीलाई सामूहिक माध्यमबाट लगानी गर्ने भनेका छौं।



### युवराज शर्मा

एनआरएनको अहिलेको माहोल पहिलेभन्दा अलिकति सम्मानित ठाउँमा भए पनि कहीँ-कतै केही कमजोरी छन्।

सबै कुरा मिलाएर जाँदा यो चुनाव महँगो, तडकभडक भए पनि देशका लागि विकासमुखी योजना दिन्छ भन्ने विश्वास छ।

एनआरएनएको लगानी प्रतिफल प्राप्त गर्न सरकारले उच्च स्थान दिनुपर्छ।

लगानी डुब्न दिँदैनौं भन्ने अवधारणा सरकारले ल्यायो भने नेपालमा लगानी बढ्दै जान्छ। एनआरएनए स-साना लगानी भएका छन् तर त्यसबाट प्रतिफल बाहिर निस्कन सकेको छैन।



### क्षमता ढकाल

सम्मेलनमा दुई-दुई लाख लगानी गरे पनि नेपालमा थुप्रै लगानी भित्रिन्छ। स-साना लगानी भएका छन् तर त्यसबाट प्रतिफल बाहिर आउन सकेको छैन। गैरआवासीय नेपालीको नेपालमा लगानी भित्र्याउन सरकारले वातावरण बनाउनुपर्छ। सम्मेलनमा दोहोरो नागरिकताको विषय, महिला सशक्तीकरण, नेपालमा लगानी कसरी भित्र्याउने भन्ने विषयमा छलफल गरिनेछ। नेपालमा लगानी भित्र्याउन मुख्यतया सरकारसँग छलफल गर्नुपर्छ। लगानी भित्र्याउने र त्यसको प्रतिफल आउने गरी सरकारले वातावरण बनाइदिनुपर्छ। नेपालीले भोग्ने समस्यालाई सरकारसँग समन्वय गरेर समाधान गर्नुपर्छ।

## लगानी भित्र्याउन...

दोस्रो, नेपालमा जलस्रोतको प्रचुर सम्भावना छ। केही लगानी उहाँहरूले सुरु गरे पनि त्यो पर्याप्त छैन। हाम्रो आन्तरिक बजार पनि दिनप्रतिदिन बढ्दै छ। हाम्रो छिमेकमा ऊर्जाको माग ठूलो छ। उहाँहरूको ऊर्जाको तिर्खा मेटाउन नेपालले धेरै गर्न सक्छ। हामीले राम्रोसँग उत्पादन गर्न सक्यौं भने त्यो सम्भव छ। पर्यटन उद्योगमा केही गैरआवासीयले राम्रो लगानी गर्नुभएको छ। यसमा अझ लगानी बढाउनुपर्नेछ। यसका साथै शैक्षिक संस्थामा बसेर हासिल गर्नुभएको ज्ञान नेपालमा पनि त्यही गुणस्तरीय शिक्षा र जनशक्ति उत्पादनका लागि लगानी गर्न सक्नुहुन्छ। अर्को क्षेत्र भनेको पूर्वाधार हो। सुरुङ, द्रुतमार्गमा पनि उहाँहरूको सीप र ज्ञान उपयोगी हुन सक्छ। अथवा लिजका आधारमा पनि बनाउन सकिने नेपालको व्यवस्था छ। यसमा पनि उहाँहरूलाई स्वागत गर्न चाहन्छौं।

**विदेशमा बसेर गैरआवासीय नेपालीले प्राप्त गरेको विज्ञतालाई नेपालमा सदुपयोग गर्न सरकारको केही विशेष योजना छ कि ?**

सरकारले यही विषयलाई ध्यानमा राखेर मन्त्रालयमा ब्रेन ग्रेन सेन्टर स्थापना गरेको छ। यो यस्तो डाटा बेस हो, जसमा संसारभर छरिएका विज्ञलाई नेटवर्किङ गर्छौं। उहाँहरूको विज्ञताको प्रोफाइल राख्छौं र समूह बनाएर विभिन्न मन्त्रालयसँग जोड्छौं। यसमा हामीले एनआरएनसँग तीनवटा अपेक्षा राखेका छौं। पहिलो, सक्नुहुन्छ भने स्वदेश फर्किनुस्। हरेक देशले फड्को मार्ने एउटा अवसर प्राप्त गर्छ। अहिले नेपाललाई त्यो अवसर प्राप्त भएको छ। यो अवसरमा जसले सघाउँछ, त्यो ठूलो योगदान हो राष्ट्रका लागि। त्यसरी आउनेलाई हामी रातो कार्पेट बिछ्याएर स्वागत गर्छौं। दोस्रो, आंशिक समय दिएर सहयोग गर्न सक्नुहुन्छ। छुट्टीमा आएर नेपालको शिक्षा सुधारका लागि तालिम दिएर, विभिन्न विश्वविद्यालयमा गएर तपाईंहरूले अनुभव गर्नुभएको उत्कृष्ट पद्धति नेपाली शिक्षकलाई हस्तान्तरण गर्न सक्नुहुन्छ। तेस्रो, भौतिक रूपमा आउन नसके पनि प्रविधिमार्फत जोडिएर नेपाली पोलिसीमा योगदान दिएर अनुसन्धानमा सहयोग गर्न सक्नुहुन्छ। यसरी पूर्ण रूपमा आउन चाहने, आंशिक रूपमा आउन चाहने वा प्रविधिबाट जोडिन चाहनेका लागि पनि खुला छौं।

**नेपालको आर्थिक समृद्धिको नारा पूरा गर्न गैरआवासीय नेपालीलाई आगामी दिनमा कस्तो खाले भूमिका खेल्न जोड दिनुहुन्छ ?**

म दुइटा कुरामा जोड दिन्छु। उहाँले पुँजीलाई नेपालमा लगानी गर्नुपर्छ। त्यसबाट दुइटा लाभ हुन्छ। पहिलो, उहाँहरूले नेपाल छाडेको भए पनि जरा त यहीँ छन्। नेपाल विकसित हुँदै जाँदा त्यस देशको नागरिक हो भन्नमा थप गौरव हुनेछ। दोस्रो, विशुद्ध व्यावसायिक हिसाबले हेर्ने हो भने पनि नेपालमा लगानी मुनाफायुक्त छ। प्रतिस्पर्धा कम छ। त्यसैले बढीभन्दा बढी लगानीका लागि आह्वान गर्न चाहन्छु। जति गर्नुभएको छ, सकारात्मक छ। अझै पनि संसारभर छरिएका नेपालीको थोपाथोपा गरी संकलित पुँजी एकीकृत रूपमा जम्मा हुन सकेको छैन। थुप्रै मेगा प्रोजेक्ट सञ्चालन गर्ने गरी नेपालीले सफलता हासिल गरेका छन्। त्यो राम्रो छ। नेपाली नपुगेको ठाउँ छैन। उत्कृष्ट विश्वविद्यालय, नासा, फेसन डिजाइनिङमा नेपालीको अग्रता छ। उत्कृष्ट व्यावसायिक रूपमा आफूलाई स्थापित गराउनुभएको छ। उहाँहरू सुखी हुनु भनेको नेपाली सुखी हुनु हो। यसलाई नेपालसँग जोड्न सके दुवै पक्षलाई लाभ हुन्छ। त्यसैले उन्नत किसिमको लगानीका लागि पनि आह्वान गर्छु। त्यस्तै, विश्वमा नेपालको सकारात्मक सन्देश सम्प्रेषण गर्न जरुरी छ। नेपालको नयाँ छवि बनाउन उहाँहरूले सहयोग गर्न सक्नुहुनेछ। नेपाल लामो समयसम्म द्वन्द्वमा अलमलियो, संक्रमण कालमा अलमलियो, राजनीतिक अस्थिरताको सिकार भयो। बाहिर अझै पनि नेपालप्रतिको छवि परिवर्तन भएको छैन। तर, अब नेपालत्यस्तो रहेन। नेपाल दक्षिण एसियाको उदयमान अर्थतन्त्र भएको देश हो।

यो वर्ष हामी आर्थिक वृद्धिको हिसाबले बंगलादेशपछि दोस्रो स्थानमा छौं। छिट्टै अल्पविकसितबाट विकासशील राष्ट्रमा पुग्दै छौं। १०/१२ वर्षको अन्तरालमा मध्यम आय भएको मुलुकमा पुग्नेछौं। नेपालले शान्ति प्रक्रिया सम्पन्न गरेको छ। नेपाल कसैसँग पनि वैरभाव नराख्ने शान्तिप्रिय मुलुक हो। संस्कृतिको धनी छ। नेपालको यो छविलाई गैरआवासीय नेपालीले विश्वमा स्थापित गराउन योगदान दिन सक्नुहुन्छ। यसरी विशेषतः म नेपालमा लगानी भित्र्याउन र नेपालको नयाँ छवि विश्वभर पुऱ्याउन आह्वान गर्छु।

**गैरआवासीय सम्मेलनमा आउने संसारभरका नेपालीलाई के सन्देश दिन चाहनुहुन्छ ?**

गैरआवासीय सम्मेलन जहिले पनि चुनावको छायामा पर्छ। आफ्नो क्षमतालाई नेपालको विकासमा कसरी उपयोग गर्ने, आफूले त्यो सफलता कसरी प्राप्त गरियो भन्ने उदाहरण बाँड्ने अवसर प्रायः प्राप्त हुँदैन। यो कुराबाट कसरी बच्न सकिन्छ। निर्वाचन नगर्नु त भन्न सकिँदैन। तर, त्यो प्रतिस्पर्धाले सम्मेलनको अरू महत्वपूर्ण कार्यसूची ओझेल नपार्ने विधि अपनाउन सकिन्छ। निर्वाचनको समय बढाएर एउटा सम्मेलनमा विशुद्ध निर्वाचनमा मात्रै केन्द्रित गर्ने, अर्को सम्मेलनमा विशुद्ध लगानी, नेपालको छवि प्रवर्द्धन, सम्बन्ध विकासमा केन्द्रित गर्ने गरी नीति सम्मेलन गर्न सकिन्छ कि ? अहिले त यसरी संसारबाट आउनुभएकाले आफ्नो सफलताका कथा सुनाउन पाउनुहुन्न। हामी उहाँका कथा सुन्न चाहन्छौं। तर, निर्वाचनले यसलाई छायामा पार्छ। यस विषयमा अलिकति ध्यान दिनुस् भन्ने मेरो आग्रह छ।

## ‘विपद् र विकासमा एनआरएनए साझेदार बनेको छ’



**भवन भट्ट, अध्यक्ष**

**गैरआवासीय नेपालीले विश्वमा पुगेर के-केमा र कसरी योगदान दिएका छन् ?**

८० देशमा फैलिएका गैरआवासीय नेपालीले विश्वमा नेपालको प्रतिनिधित्व मात्र गरेका छैनन्, ती देशमा भएको विकासका साक्षी तथा सहभागी पनि भएका छन्। हामीले विश्वका विभिन्न देशमा बसेर सिकेको एउटा सबैभन्दा ठूलो पाठ के हो भने समय सबैभन्दा महत्वपूर्ण हुँदो रहेछ। आज जुन देशले विकास गरेका छन्, उनीहरूले समयलाई पहिचान गरे। समयमै कुनै काम गर्दा त्यसको महत्व तथा बजार मूल्य प्राप्त गर्न सकिन्छ। तर, यदि समयभन्दा ढिलो त्यही काम गरे न त्यसबाट फाइदा लिन सक्छौं, न त त्यसको कुनै मूल्य नै हुन्छ। अर्थात्, कुनै पनि कामको मूल्य एउटा निश्चित समयमा धेरै हुन्छ तर समय घर्किसकेपछि लगानीको मूल्य हुँदैन।

**तपाईंको कार्यकालका भएको विज्ञ सम्मेलनलाई कसरी लिनुभएको छ ?**

गैरआवासीय नेपाली संघले पहिलो पटक नेपालमा विज्ञ सम्मेलनको आयोजना गरेको थियो। यसले नेपालमा विश्वका विभिन्न देशमा भएका विकासक्रम तथा प्रक्रियाबारे जान्न तथा सिक्न मद्दत गर्न र गैरआवासीय नेपालीले विश्वका विभिन्न देशमा गएर सिकेका सीप तथा ज्ञान भित्र्याउने वातावरण बनाएको छ। एनआरएनए एकेडेमी हाम्रो एउटा परिकल्पना छ, जसले रिसर्च एन्ड इनोभेसन डिभिजनअन्तर्गत खोजमूलक तथा नियमित कार्यक्रमको मूल्यांकन तथा ग्लोबल बेस्ट प्राक्टिसेसहरूको आदानप्रदान गर्नेछ।

**तपाईंको विचारमा नेपालमा एनआरएनले कसरी योगदान गरिरहेको छ ?**

हाल गैरआवासीय नेपालीसँग राष्ट्रिय योजना आयोगले पनि नियमित रूपमा छलफल तथा संवादमार्फत गैरआवासीय नेपालीलाई नेपालको विकास साझेदार बनाएको छ। साथै, सरकारले आयोजना गरेको लगानी सम्मेलनको आयोजक कमिटी सदस्य भई गैरआवासीय नेपाली संघले सक्रिय सहभागिता जनाएको मात्रै होइन, यसैक्रममा सरकारसँग १ सय मिलियन डलर फन्ड स्थापनाको हस्ताक्षर पनि गरेको छ। यसबाट गैरआवासीय नेपालीले भन्दै आएको गैरआवासीय नेपालीको अनुभव, ज्ञान, सीप तथा पुँजीमार्फत नेपालको विकास साझेदार बन्ने हाम्रो सपना यथार्थमा परिणत हुने क्रम सुरु भएको छ।

अर्को कुरा, नेपालले आफ्नो प्राकृतिक स्रोतको राम्रोसँग उपयोग गरेर लाभ लिन नसकेको स्पष्ट छ। यसका लागि पनि विश्वमा छरिएर रहेका गैरआवासीय नेपालीको ज्ञान, अनुभव तथा सीपको उपयोग गर्नुपर्छ। साथै, गैरआवासीय नेपाली संघले पर्यटक नेपाल भित्रिने ढोका अर्थात् त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सफाइ अभियान सञ्चालन गरेर गर्वको काम गरेको छ भने एक दिन एक दान अभियान, अतिथिदेवो भवः अभियान, एनआरएनए कृषि कार्यक्रम, पर्यटन प्रवर्द्धन शुभारम्भ, उज्यालो नेपाल अभियान, नेपाल सरकारको साक्षरता अभियानमा सहभागिता, रोड सेफ्टी आयोजनाजस्ता दर्जनौं कार्यमा सरकारसँग एकैसाथ काम गर्ने परम्पराको सुरुआत पनि गरेको छ। गैरआवासीय नेपाली संघले संसदीय समितिमा नै उपस्थित भएर एक पटकको नेपाली सधैं नेपाली भन्ने मन्त्रअनुरूप दोहोरो नागरिकता तथा चुनावमा मत हाल्न पाउनुपर्ने कुराको फेरि पनि लबिइङ गरेको छ। साथै, गैरआवासीय नेपाली विगतमा झैं नेपाल तथा नेपालीको विपद् र विकासमा एनआरएनए साझेदार बनेको छ, बनेको थियो र भविष्यमा पनि बन्नेछ।

## ‘अबको नेतृत्वले आफ्नो उद्देश्यलाई जोगाउनुपर्छ’

एनआरएनए विश्वका नेपालीको एउटा साझा मञ्च हो। यसलाई साझा मञ्चकै रूपमा राख्नुपर्छ। विश्वमा बसेका हरेक नेपाली एनआरएनएको सदस्य भएपछि आफूलाई गौरव महसुस गर्न सकून्। यो मेरो संस्था हो भनेर अपनत्व लिन सकून्। अब आउने नयाँ कार्यसमितिले त्यो काम गर्नुपर्ने देखिन्छ।

विगतको तुलनामा अहिलेको कार्यसमितिले त्यसरी काम गर्न सकेन कि भन्ने मेरो बुझाइ छ। सदस्यहरूसँग सोध्दा-बुझ्दा अहिलेको कार्यसमितिले जुन हिसाबले काम गर्नुपर्ने हो, त्यसरी काम गर्न सकेन भन्छन्। सोही कारण अब आउने कार्यसमितिलाई एनआरएनएको साख जोगाउन ठूलो चुनौती छ।



**देवमान हिराचन**, पूर्वअध्यक्ष

केही वर्षदेखि एनआरएनएमा राजनीति प्रवेश गरेको भन्ने सुनेको छु। उम्मेदवार तथा सदस्य पार्टीको कित्तामा पुगेका छन् भन्ने पनि सुनिएको छ। यदि त्यो सत्य हो भने एनआरएनएका लागि योभन्दा दुर्भाग्य अरू केही हुन सक्दैन।

यसरी राजनीतिलाई हाम्रै साथीहरूले छिराउने र सदस्यलाई विभिन्न पार्टीको कित्तामा पुऱ्याउने हो भने एनआरएनए आफ्नो काम, कर्तव्य, अधिकार र उद्देश्यबाट विमुख हुन्छ। यसतर्फ सबै सदस्य सचेत हुनुपर्छ। पार्टी सदस्यको हैसियतमा बस्नुभन्दा एनआरएनएको साधारण सदस्य भएर बस्नु एकदमै उपयुक्त हुन्छ।

## ‘लगानी भित्र्याउन सरकार सकारात्मक छ’

गैरआवासीय नेपाली संघले अहिले नेपालमा आर्थिक समृद्धिका निम्ति गैरआवासीय नेपाली परिचालन गर्नुपर्छ भनेर हामी सुरुदेखि नै प्रतिबद्ध थियौं। यसलाई अझ प्रभावकारी बनाएर जानुपर्छ भनेर काम अघि बढाइएको छ। अहिले लगानीका कुरालाई दुई चरणमा बाँडेका छौं। एउटा ज्ञान, सीप र प्रविधिको लगानी। अर्को पुँजीको लगानी। पुँजीको लगानीमा गैरआवासीय नेपालीको सन्जालले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। हामीले सिकेको ज्ञान, सीप र प्रविधि पुँजीभन्दा आवश्यक हुन सक्छ भनेर काम सुरु गरेका छौं।

हामीले सम्मेलनै गरेर प्रतिवेदन तयार पारिसकेका छौं। अब त्यसलाई कार्यान्वयनमा लिएर जाने चरणमा छौं। त्यसमा नेपाल सरकारसँग कसरी कार्यान्वयन गर्न सकिन्छ भन्नेबारेमा केलाइरहेका छौं। अर्को, यति ठूलो संख्यामा श्रमिक साथीहरू विदेशी बजारमा छन्। नेपाल भने अहिले पनि विदेशमा अत्यन्तै सस्तो कामदार पठाउने देशका रूपमा चिनिएको छ।



**कुमार पन्त**, उपाध्यक्ष

यसलाई परिवर्तन गर्नुपर्छ। त्यसका लागि कम से कम ३-४ चरणका तालिम गराएर पठाउन सकियो भने आय आर्जनको क्षमता बढ्छ। त्यसका निम्ति संघीय तथा प्रदेश सरकारसँग समन्वय गरेर हामीले भोकेसनल ट्रेनिङ सेन्टर स्थापना गर्न लागिरहेका छौं। श्रमिक साथीहरू दैनिक रूपमा अंगभंग हुने, मृत्यु हुने संख्या बढी छ। त्यस्ता साथीहरूको उद्धार कसरी गर्ने, मृत्यु भएकाको शव कसरी ल्याउने भनेर श्रमिक कल्याणकारी कोष स्थापना गरेका छौं। त्यसलाई ठूलो बनाइनेछ।

## ‘एनआरएनको लगानी नेपालप्रतिको लगाव हो’

हाम्रो अहिलेको एउटा नारा छ ‘म मेरो एनआरएनए, मेरो नेपाल’ यो अत्यन्तै सान्दर्भिक छ। यो नारा व्यक्ति-व्यक्ति जोडिने विषयमा हो। मेरो दायित्व एनआरएनए र नेपालप्रति के हो भनेर आफैंले विश्लेषण गर्ने हो।

पहिलेदेखि नै एनआरएनएले पठाएको रेमिट्यान्सले नेपालको धेरै बजेट धान्छ भन्ने किसिमको विश्लेषण हुने गरेको छ। त्यसमा एनआरएनएको योगदान छैन भन्ने होइन। किनभने २ सय वर्ष अगाडिदेखि लाहोर जान थालेका हुन्, नेपाली। त्यही बेलादेखि आफ्ना परिवारलाई पैसा पठाउन सुरु गरिएको हो। वैदेशिक रोजगारीमा जानु भनेको मुख्यतः आफ्ना परिवारको खर्च धान्ने नै हो। यसमा एनआरएनएको भूमिका देख्दिनँ।



**सपिला राजभण्डारी**
उपाध्यक्ष

अहिले हामीले लगानी गर्न थालेका छौं। लगानीको एउटा प्रोजेक्ट बनाउँछौं। त्यसमा लगानी गरेका छौं। विभिन्न क्षेत्रमा जति पनि लगानी भइरहेको छ, त्यो प्लस प्वाइन्ट हो। हामीले हाइड्रो, बैंक वा अन्य ठाउँमा जुन लगानी गरेका छौं, त्यो हाम्रो नेपालप्रतिको लगाव हो। तर त्यो लगानी त्यति ठूलो छैन, जसले नेपाललाई समृद्ध बनाउँछ।

एनआरएनएले दिने भनेको सबैभन्दा ठूलो विषय दक्षता र सीप नै हो। विदेशबाट आर्जन गरेको पैसालाई मात्रै लगानी भन्न मिल्दैन। विदेशमा बसेर काम गर्दा आर्जन गरेको सीप हामीले नेपालमा लगानी गर्न सक्यौं भने सबैभन्दा बढी लाभ मिल्छ। नेपाली इन्जिनियर नासादेखि लिएर सबै ठाउँमा छन्। हङकङ बनाउनेदेखि कतार बनाउनेसम्म हाम्रा निर्माण कम्पनी रहेका छन्। त्यसको सीप यहाँ ल्याउनुपर्छ। हार्वर्ड, अक्सफोर्डदेखि लिएर धेरै युनिभर्सिटीहरूमा प्रोफेसरहरूले काम गरिरहेका छन्।

## ‘पसिना फन्ड’ स्थापना गर्ने योजना छ

गैरआवासीय नेपाली संघ विदेशमा रहेका सम्पूर्ण नेपालीको साझा र नेतृत्वदायी संस्था हो। संसारका विभिन्न देशमा छरिएर रहेका नेपालीलाई नेपालसँग जोड्ने, विदेशमा नेपालीले आर्जन गरेको सीप, पुँजीलाई नेपालको विकासमा प्रयोग गर्ने प्रयास गरिरहेको छ। म लामो समयदेखि गैरआवासीय नेपाली संघको अभियानमा जोडिएको हुनाले यसको भूमिकाप्रति उत्तिकै उत्तरदायी छु। तर त्यसका लागि मेरो जिम्मेवारी पर्याप्त थियो-थिएन भन्ने पनि हो। यद्यपि अहिले केही साथीहरू कहीँ-कतै हाम्रो अपनत्व महसुस गर्न सक्ने संस्था भएन। सबै क्षेत्र, जातजाति, भूगोल वा जुनसुकै देशमा रहेका गैरआवासीय नेपालीले अपनत्व महसुस गर्न सक्ने साझा संस्था बनाउन तपाईंले नेतृत्व लिनैपर्छ भनेर चासो व्यक्त गरेका छन्। त्यसकै लागि मैले अध्यक्ष पदमा उम्मेदवारी दिएको छु। युरोप, अमेरिका होस् वा कतार, साउदीलगायतका खाडी राष्ट्रमा रहेका गैरआवासीय नेपाली होऊन्, सबैले अपनत्व महसुस गर्न सक्ने, सबैको अभिभावकीय भूमिका नेतृत्व गर्न सक्ने साझा संस्था बनाउन सकिन्छ भन्ने मेरो संकल्प छ। म त्यसैमा लागिरहेको छु। यदाकदा एनआरएनए व्यापारीको संस्था बन्यो भन्ने पनि चिन्ता छ। म गाउँको सामान्य परिवारबाट यहाँसम्म आइपुगेको हुँ। दुःख र परिश्रम के हो भन्ने तल्लो तहसम्मका आवश्यकता, अनुभव मसँग छन्। त्यसकारण संघको भूमिका उच्च गर्न मैले विभिन्न कार्यक्रम अघि सारेको छु। त्यसका लागि मैले सीप विकास केन्द्र खोल्नेदेखि लिएर खाडीलगायतका जुनसुकै ठाउँमा रहेका गैरआवासीय नेपालीले सुखदुःखमा भरोसा होस् भन्ने उद्देश्यले पसिना फन्ड बनाउने घोषणा गरेको छु।



**कुल आचार्य**, उपाध्यक्ष



## ‘एनआरएनएलाई सशक्त बनाउन सेभेन पिलर स्ट्राटेजी’

**बद्री केसी**, महासचिव

अहिले हामी ८० लाखभन्दा बढी नेपाली विदेशमा बसेका छौं। यो भनेको नेपालमा ऊर्जाशील जनशक्तिको आधा हो। आफ्नो देश बनाउने हाम्रो कर्तव्य छ। त्यसबाट हामी टाढा रहन सक्दैनौं।

मुलुकभन्दा टाढा रहेर पनि समृद्ध नेपाल बनाउनका लागि हाम्रो अभियान जारी रहनुपर्छ। विदेशमा बस्ने नेपालीले पनि समृद्ध नेपाल बनाउने अभियानमा भाग लिनुपर्छ। यसका लागि गैरआवासीय नेपाली संघ एउटै माध्यम हो भन्नेमा विश्वस्त छौं। संघलाई पुलको रूपमा अगाडि लिएर गएका छौं। अहिले हामी ८१ देशमा छौं। दर्ता सदस्य मात्रै एक लाखभन्दा बढी छन्। सरकार र एनआरएनएबीच धेरै अगाडिदेखि सहकार्य भइरहेको छ। हामी एकदम नजिकबाट हिँडिरहेका छौं। हामी सरकारका लागि एउटा वर्किङ पार्टनर पनि हौं। हाम्रो लक्ष्य पनि नेपालमा लगानी ल्याउने नै हो। गैरआवासीय नेपालीमध्ये पहिलो पुस्ताले आफैं जति ठूलो अपेक्षा गरिरहेको छ, त्यति ठूलो लगानी गर्न सक्ने क्षमता राख्दैन। ठूलो मात्रामा लगानी आइरहेको छ। तर, जति चाहियो, त्यति भने आउन सकेको छैन।

# NRNA 9th global conference in Kathmandu

Kathmandu, Non-Resident Nepali Association (NRNA)'s 9th global conference and international general assembly started in Kathmandu from Tuesday.

According to NRNA president Bhawan Bhatta, President Bidya Devi Bhandari would inaugurate the conference while the Prime Minister KP Sharma Oli would conclude. The association would fix its new leadership from this conference.

The conference had fixed a slogan 'I, My NRNA and My Nepal' for its 9th general assembly. Three days long conference would continue from 15 October to 17.

NRN representatives from 81 countries of the world with national and international delegates had confirmed for the participation. The organized said that 2500 participants would be visiting Nepal for the conference.

A high level committee of government representatives, stakeholders and organizations was formed in the leadership of foreign minister Pradeep Gyawali for the conference. Similarly, chairman Bhatta is leading for the internal organizing committee.

There would be special sessions based on the slogan 'I, My NRNA and My Nepal' in Tuesday and Thursday while Wednesday would be spent for leadership selection.

The association announced to unite all NRNs it its network in a press conference organized in Kathmandu to publish news of NRNA conference on Monday. "The orginational assistance of NRNA would be continued for all Nepalies," they have told.

President Bhawan Bhatta said that the context of historic journey towards prosperity and NRNA conference at the point was keenly observed with great importance.

Stating that all the political parties, NGOs, INGOs and the entire mechanism in the country was focused for the national building Bhatta said that NRNs got an opportunity of co-work with. "This opportunity is making NRNs more accountable towards their own motherland," he added.

Bhatta further said NRNs should join their hands to hand from the globe to build their own nation. He thinks that the conference would discuss and decide on the agendas that could pave the path of prosperity in Nepal.

In another context, president Bhatta clarified that NRNA had purchased its land ownership in Baluatar in 127 million rupees with its land ownership paper (Lalpurja).

"Legal purchase should not blame for illegal one," he had told remembering that government had discounted Rs.50 lakhs tax in the purchase.

## NRNA international Journo Award Announced

**• SEJON and Aryal would be honored jointly**

Kathmandu, Oct.14: This year's NRNA International Journo Award would be given jointly to Society of Economic Journalist-Nepal (SEJON) and a non resident journalist Dhruba Raj Aryal.

Issuing a statement on last Saturday, Bhusan Ghimire the spokesperson of the association had published the announcement of the award this year.

The activeness of NRNA-Britain chapter had established journo award of one lakh rupees some years ago where one resident and another non-resident Nepali journalists or journalist association are honored in every two years.

NRNA selected Aryal an active journalist of Britain since last 10 years and SEJON jointly for the award this year. Aryal is an editor of Nepalipatra that publishes from Britain. He also works for Annapurna Post daily from there.

Both Aryal and SEJON were selected for the award with the reference of professor Chiranjibi Khanal led award selection committee. Prime Minister KP Sharma Oli would honour the winners in its 9th global conference concluding session.

## विश्व सम्मेलनपूर्व आयोजित कार्यक्रमका झलकहरु











